# देवघाट गाउँपालिका

## तनहुँ जिल्ला, प्रदेश नं. ४

# देवघाट गाउँपालिका राजपत्र

## गाउँ कार्यपालिकाद्वारा प्रकाशित

**खण्डः १ संख्याः १५ मितिः २०७४/१२/२६**


## भाग – २

## देवघाट गाउँपालिका

# देवघाट गाउँपालिकाको स्रोत परिचालन तथा व्यवस्थापन नियमावली, २०७४

# देवघाट गाउँपालिकाको स्रोत परिचालन तथा व्यवस्थापन नियमावली, २०७४

**प्रस्तावना**

देवघाट गाउँपालिकाको समग्र स्रोत परिचालन, व्यवस्थापन एवम कामकारवाहीमा कार्यकुशलता र प्रभावकारीता अभिवृद्धि गर्नकोलागी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ र प्रशासकीय कार्यविधि नियमित गगनर्ने ऐन, २०७४ को दफा ३ को अधिकार प्रयोग गरी देवघाट गाउँपालिकाको मितिः २०७४।१२।२६ को १५ औं वेठकले देवघाट गाउँपालिकाको स्रोत परिचालन तथा व्यवस्थापन नियमावली, २०७४ वनाएकोछ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " देवघाट गाउँपालिकाको स्रोत परिचालन तथा व्यवस्थापन नियमावली, २०७४" रहेको छ ।

(२) यो नियमावली राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

क) सञ्चित कोष भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ बमोजिमको कोष भन्ने बुझिनेछ ।

## परिच्छेद – २
## गाउँपालिकाको आम्दानी र खर्चः

३. **गाउँपालिकाको आयः** (१) गाउँपालिकाको आम्दानीका स्रोतहरु देहाय अनुसार रहनेछनः

क) गाउँपालिकाले उठाएको राजशव तथा आयवाट प्राप्त रकम,
ख) राजश्व बा"डफा"डवाट प्राप्त हुने रकम,
ग) नेपाल सरकारवाट प्राप्त अनुदान तथा अन्य रकम,
घ) प्रदेश सरकारवाट प्राप्त अनुदान तथा अन्य रकम,
ङ) कुनै व्यक्ति, सङ्घ वा संस्थावाट प्राप्त रकम,
च) राष्ट्रिय प्राथमिकताको आधारमा नेपाल सरकारले विदेशी सरकार, निकाय, सङ्घ संस्था वा व्यक्तिवाट लिएको वैदेशिक सहायतावाट उपलब्ध गराएको रकम,
छ) अन्य गाउँपालिका तथा नगरपालिकाबाट प्राप्त अनुदान तथा अन्य रकम,
ज) आन्तरिक ऋणवाट प्राप्त रकम,
झ) अन्य कुनै स्रोतवाट प्राप्त हुने रकम ।

२) गाउँपालिकाको सवै आम्दानी सञ्चित कोषमा जम्मा हुनेछ ।

३) गाउँपालिकाको कोषमा जम्मा हुन आउने सवै रकम कुनै वैङ्कमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

४. **गाउँपालिकाको खर्चः** (१) गाउँपालिकाको आम्दानीको रुपमा कोषमा जम्मा भएको रकम गाउँ सभाले स्विकृत गरेको बार्षिक बजेटको सिमा भित्र रहेर खर्च हुनेछ ।
२) चालु खर्च र पुँजीगत खर्च मुल शिर्षक रहनेछन् । चालु खर्च अन्तर्गत तलव, भत्ता, लगायत अति आवश्यक क्षेत्रमा पर्याप्त रकम विनियोजन गरेपछि मात्र अन्य क्षेत्रमा विनियोजन गर्नु पर्नेछ ।
(३) खर्च प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउने उपाय गर्नुपर्नेछ । यसका लागी चालु खर्च र पुँजीगत खर्चलाई प्रभावकारी वनाउन आवश्यकता अनुसार कार्य विधि, निर्देशिका, मापदण्ड वनाउन सकिनेछ ।

(४) स्रोत परिचालनको क्रममा देहायका कोषहरुको स्थापना गर्न सकिनेछः
(क) समपुरक कोष,
(ख) युवा स्वरोजगार उद्यम विकास कोष,
(ग) मर्मत संभार कोष,
(घ) गाउँ शिक्षा कोष,
(ङ) विपद व्यवस्थापन कोष ।
(५) उक्त कोषहरुमा गाउँ सभाले बार्षिक बजेटवाट रकम स्विकृत गर्न सक्नेछ ।
(६) उक्त कोषहरुमा अन्य निकायहरुवाट तोकिएर प्राप्त भएका रकमहरु पनि जम्मा हुनेछ ।
(७) उक्त कोषको रकम समपुरक कोष वाहेक अन्य कोषको रकम कोष व्यवस्थापन तथा कोष संचालन नियावली वा कार्यविधि, निर्देशिका, मापदण्ड बमोजिमका कार्यक्रम संचालन गर्न छुट्टै कोष खाता खोली संचालन गरिनेछ र एक आ.व.मा खर्च हुन नसकेको रकम अर्को आ.व. मा सोही काममा खर्च गरिनेछ ।
(८) एक कोषमा रहेको रकम अन्य कोषको कार्यक्रममा खर्च गरिने छैन ।
(९) चालु बर्षको खर्चको प्रगति र आगामी बर्षमा कोषको कार्यक्रमको लागी आवश्यकताको आधारमा सभाले आगामी बार्षिक बजेटवाट रकम स्विकृत गर्नेछ ।

## परिच्छेद – ३
## स्रोत अनुमान तथा बजेट समिा निर्धारण

५. **राजश्व संभाबयता अध्ययनः** गाउँपालिकाको राजश्वको स्रोत र सो को संभाब्यताको पहिचान गर्न राजश्व संभावयताको अध्ययन गर्नु पर्नेछ ।

६. राजश्व संभाबयता अध्ययन र सो को प्रतिवेदन समेतको आधारमा राजश्व परामर्श समितिले राजश्वको अनुमान गर्नेछ ।

७. राजश्वको अनुमान, प्रापत हुने विभिन्न अनुदान समेतको आधारमा गाउँपालिकाको स्रोतको अनुमान तथा बजेटको समिा निर्धारण हुनेछ ।

## परिच्छेद –४
## योजना तर्जुमा तथा कार्यान्वयन

८. **योजना तर्जुमा तथा कार्यान्वयनः** (१) गाउँपालिकाले विकासका लागि देहायका योजना बनाई लागू गर्नु पर्नेछः

(क) दीर्घकालिन विकास योजना,
(ख) आवधिक विकास योजना,
(ग) बार्षिक विकास योजना ।

९. **गुरुयोजना तथा क्षेत्रगत नीतिः** गाउँपालिकाले आवश्यकताको अधारमा देहायका विषय लगायत अन्य विषयमा गुरुयोजना तथा क्षेत्रगत नीति तर्जुमा गर्न सक्नेछः

(क) शिक्षा (ख) स्वास्थ्य
(ग) कृषि (घ) पर्यटन
(ङ) भौतिक पूर्वाधार (च) यातायात⁄सडक
(छ) खानेपानी (ज) सिंचाई
(झ) वातावरण तथा सरसफाई
(ञ) विपद व्यवस्थापन

१०. **योजना प्रथमिकता तथा सहभागिताः** (१) गाउँपालिकाले दफा ८ र ९ बमोजिम योजना, गुरयोजना र नीति तर्जुमा गर्दा देहायका विषयलाई प्रथमिकता दिनुपर्नेछः–

(क) आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,
(ख उत्पादनमूलक तथा छितो प्रतिफल प्राप्त गर्न सकिने,
(ग) जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने,
(घ) स्थानीय वासिन्दाको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
(ङ) स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,
(च) महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
(छ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,
(ज) दिगो विकास, वातावरणीय संरक्षण तथा सम्वद्र्धन गनृ सघाउ पर्याउने,
(झ) भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने,

(२) गाउँपालिकाले दफा ८ र ९ बमोजिम योजना, गुरयोजना र नीति तर्जुमा गर्दा स्थानीय बुद्धिजिवी, विषय विज्ञ, अनुभवि पेशाविद, लक्षित वर्ग लगायत सरोकारवालाहरको अधिकतम सहभागितामा गर्नु पर्नेछ ।

११. **आम्दानीका श्रोत पहिचानः** (१) गाउँपालिकाको श्रोतका रुपमा तपसिल लगायतका क्षेत्रहरु पहिचान गरि नीति तथा कार्यविधि वनाई त्यसको परिचालन तथा व्यवस्थापन गर्न सक्नेछ ।

(क) पर्यटन
(ख) साधारण निनर्माणमुखी खनिज पदार्थ
(ग) वन, जंगल
(घ) कृषि तथा पशु पंक्षी
(ङ) उद्योग
(च) गाउँपालिकावाट प्रदान गरिने विभिन्न सेवा, सुवधाहरु ।

१२. **कार्यविधि, मापदण्ड वनाउन सक्नेः–** गाउँ कार्यपालिकाले यस नियमावली कार्यान्वयनको लागी कार्यविधि, निर्देशिका, मापदण्ड वनाउन सक्नेछ ।

**१३. वचाउ, खारेजी र संशोधन तथा थपघटः**

१) वचाउः यस नियमावली लागु हुन भन्दा अगाडी यस नियमावली संग सम्बधिन्त भई वनेका निदेशिका , मापदण्ड तथा कार्य सम्पादन यसै नियमावली वमोजिम वनेको मानिनेछ ।
२) खारेजीः यो नियमावली संघीय तथा प्रदेश कानून बमोजिम बाझिएमा बाझिएको हद सम्म खारेज हुनेछ ।
३) संशोधन तथा थपघटः यो नियमावली लागू भएपछि यस नियमावली संग सम्बन्धित संघीय तथा प्रदेश कानून बनेमा संघीय तथा प्रदेश कानूनको मर्म र भावना अनुकुल हुने गरि यस नियमावलीमा संशोधन तथा थपघट गरिनेछ ।

<u>आज्ञाले</u>
**रमेश सुवेदी**
**प्रमुख प्रशासकीय अधिकृत**